हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः १ | मितिः २०७७।०१।३०

## भाग- ३

# हेटौंडा उपमहानगरपालिका जलस्रोत उपयोग कार्यविधि, २०७७

**प्रस्तावना**

हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रको भूमिगत वा भू–सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास एवं त्यस्तो उपयोगबाट हुने वातावरणीय एवं अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाच्छनीय भएकोले नेपालको संविधान बमोजिमको कार्य गर्ने गरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि "हेटौंडा उपमहानगरपालिकाको जलस्रोत उपयोग कार्यविधि, २०७७" जारी गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकाको बैठकवाट पास भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “जलस्रोत” भन्नाले हेटौंडा उपमहानगरपालिकाको क्षेत्र भित्रको भू–सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले जलस्रोतको उपयोग गर्न हेटौंडा उपमहानगरपालिकाबाट अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ ।

(ग) “सेवा शुल्क” भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोतसम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ ।

(घ) "दस्तुर" भन्नाले संस्था दर्ता, नविकरण, बिलम्ब र नक्कल प्राप्त गर्न उपमहानगरपालिकालाई बुझाउने पर्ने दस्तुर भन्ने बुझिन्छ।

(ङ) "शुल्क" भन्नाले अनुमती पत्र प्राप्त व्यक्ती वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धी सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ।

## परिच्छेद २
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**३. जलस्रोतको उपयोग-** (१) यस कार्यविधि बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

क) ढुवानी गरि आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

ख) आफ्नो जग्गामा सिंचाई गर्न,

ग) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत अन्यत्र प्रयोग नगरी उपयोग गर्न,

**४. जल उपभोक्ता संस्थाको गठनः-** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले नियम ८ बमोजिम प्रक्रिया पुरा गरी जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२)	उपनियम (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्था हेटौंडा उपमहानगरपालिका समक्ष दर्ता गराउनु पर्नेछ ।

(३)	उपनियम (२) वमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वचालित र संगठित संस्था हुनेछ ।

५.	**जलस्रोत उपयोगको प्राथमिकता क्रमः-** (१) हेटौंडा उपमहानगरपालिकाको क्षेत्र भित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

क)	खानेपानी र घरेलु उपयोग,

ख)	सिंचाई,

ग)	पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

घ)	साना जलविद्युत,

ङ)	साना तथा घरेलु उद्योग,

च)	जल यातायात,

(२)	जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा नियम १२ वमोजिम गठित समितिले नियम ५ को उपनियम (१) मा उल्लेखित प्राथमिकताक्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्बन्धीत सबैलाई मान्य हुनेछ ।

हेटौंडा राजपत्र

**६. जलस्रोतको उपयोग वा विकास गर्न सकिनेः-**

(१) हेटौंडा उपमहानगरपालिकाले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(२) यस कार्यविधि वमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि हेटौंडा उपमहानगरपालिका आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपनियम (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धीत जग्गा, भवन, उपकरण, वा संरचना वापत हेटौंडा उपमहानगरपालिकाले सम्वन्धित व्यक्तिलाई क्षतिपुर्ति दिनेछ ।

(४) हेटौंडा उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

**७. जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः-** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि हेटौंडा उपमहानगरपालिकाले कुनै संस्था वा व्यक्तिसंग प्रचलित कानूनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरू वमोजिम कुनै जलस्रोतको संरक्षण, विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

## परिच्छेद ३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**८. अनुमति पत्रको व्यवस्थाः**

१) जलस्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरण सम्बन्धी प्रचलित ऐन र नियमावली बमोजिम हेटौंडा उपमहानगरपालिकाको कार्यालय समक्ष संस्था दर्ताको लागि अनुसुची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।यसरी दरखास्त दिईएकोमा पानीको मुहान वरपर सूचना टाँस गर्नु पर्नेछ। सूचनाको नमूना अनुसुची २ बमोजिम हुनेछ ।

तर जलस्रोतको सर्भेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्नेछैन ।

२) उपनियम (१) वमोजिम परेको दरखास्तमा हेटौंडा उपमहानगरपालिकाले तोकि दिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिनमा आवश्यक शर्तहरू तोकि नियम ५ को उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्त

वालालाई अनुमतिपत्र दिनु पर्नेछ । अनुमती पत्र अर्थात संस्था दर्ता प्रमाण पत्रको नमूना अनुसुची ३ बमोजिम हुनेछ ।

३) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोत उपयोग गरे वापत हेटौंडा उपमहानगरपालिकालाई शुल्क बुझाउनु पर्नेछ ।

४) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा हेटौंडा उपमहानगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

५) अनुमति पत्र अर्थात संस्था दर्ताको लागि आवश्यक कागजात अनूसूची ४ बमोजिम हुनेछ ।

९. **जलविद्युतको लागि जलस्रोतको उपयोगः** नियम ६ मा जुनसुकै कुरा लेखिएका भएता पनि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१०. **अनुमतिपत्र नविकरण गर्नेः**

१) यो कार्यविधि वमोजिम जलस्रोतको संरक्षण, सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र आर्थिक वर्षको अन्तिम सम्ममा नविकरण गर्नु पर्नेछ ।म्याद समाप्त भएपछी नविकरण गराउदाँ थप दस्तुर लाग्छ।

२) जलस्रोतको संरक्षण, सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा अनुसुची ५ वमोजिम दस्तुर लाग्नेछ ।

११. **अनुमतिपत्र खारेज गर्न सकिनेः-**

१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो कार्यविधि विपरित कुनै काम गरेमा नियम १२ वमोजिम गठित समितिले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपनियम (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

३) उपनियम (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद—४
## स्थानीय जलस्रोत समितिसम्बन्धी व्यवस्था

१२. **स्थानीय जलस्रोत समितिको गठनः-**१) हेटौंडा उपमहानगरपालिका भित्र रहेको जलस्रोत उपयोगको आवश्यक संरक्षण, अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहनेछ ।

२) स्थानीय जलस्रोत समितिमा देहायका पदाधिकारी रहने छन् ।

क) उपमहानगरपालिका प्रमुख .................................................................. अध्यक्ष
ख) उपमहानगरपालिका उप प्रमुख.................................................................. सदस्य
ग) प्रमुख प्रशासकिय अधिकृत .................................................................. सदस्य
घ) नगरकार्यपालिकाले तोकेको एकजना दलित महिला नगर सभा सदस्य...................... सदस्य
ङ) खानेपानी तथा सरसफाई नगरमहासंघका एक पुरुष र एक महिला गरी दुई प्रतिनिधी ... सदस्य
च) जिल्ला सिचाँई उपभोक्ता महासघं प्रतिनिधी.................................................. सदस्य
छ) जलस्रोत तथा सिचाँई विकास डिभिजन कार्यलय.............................................. सदस्य
ज) खानेपानी व्यवस्थापन वोर्ड कार्यालय.......................................................... सदस्य
झ) पूर्वाधार विकास महाशाखाको प्रमुख .........................................................सदस्य सचिव

३) स्थानीय जलस्रोत समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकारः-** स्थानीय जलस्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) जलस्रोत संरक्षण, विकास, उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न निर्णय गर्ने,

ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गर्ने ।

ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

घ) उपनियम (ग) वमोजिम जाँच गर्दा वा गराउँदा शर्त वमोजिम जलस्रोतको उपयोग नभए/नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानून वमोजिम कारवाही गर्ने।

ङ) जलस्रोत संरक्षण, विकास, उपयोग र सर्वेक्षण सम्बन्धी क्रियाकलाप गरिरहेका व्यक्ती वा संस्थाको जुनसुकै वखत अनुगमन गर्न सक्नेछ।

हेटौंडा राजपत्र

नेपाल राजपत्र

## परिच्छेद– ५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१४. सजाय सम्बन्धी व्यवस्थाः**

१) प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए बमोजिम नियम उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको निर्णयमा नगरकार्यपालिकाले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराई दिन सक्नेछ।

२) यस कार्यविधि वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई स्थानीय जलस्रोत समितिको निर्णयमा नगरकार्यपालिकाले पहिलो पटक पाँच हजार रुपैया सम्म जरिवाना गर्न र दोश्रो पटकको लागी दश हजार जरिवाना लिन सक्नेछ।

३) यस कार्यविधि वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा स्थानीय जलस्रोत समितिको निर्णयमा नगरकार्यपालिकाले निजबाट विगो असुल गरी निजलाई विगो वमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

४) कसैले वदनियतासाथ कुनै खानेपानिको मुहान, वाध, नहर वा जलस्रोतको उपयोग संग सम्बन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्‍याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुल गरी निजलाई विगो वमोजिम जरिवाना गराई वा नियमानुसार कारवाहीको लागि न्यायीक समिति समक्ष सिफारिश गर्ने ।

**१५. अनुसन्धानको लागि लेखी पठाउन सक्नेः-** जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि वमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि वमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धीत निकायमा लेखी पठाउन सक्नेछ ।

**१६. पुनरावेदन सम्बन्धी व्यवस्थाः-** यस कार्यविधि वमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी , स्थानीय जलस्रोत समिति र नगरकार्यपालिकाबाट कार्वाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ▯६

## विविध

**१७. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः-**

१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विकास गरेको जलस्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

२) हेटौंडा उपमहानगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत वार्षिक शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

**१८. सेवा रोक्न सक्नेः** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा स्थानीय जलस्रोत समितिको निर्णयमा हेटौंडा उपमहानगरपालिकाले त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

**१९. अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** हेटौंडा उपमहानगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा स्थानीय जलस्रोत समितिको निर्णयमा हेटौंडा उपमहानगरपालिकाले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ ।

**२०. जलस्रोत संरचनाको सुरक्षाः-** (१) जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा वा स्वयं स्थानीय जलस्रोत समितिको विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा स्थानीय जलस्रोत समितिले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखि पठाउन सक्नेछ ।

**२१. जलस्रोतलाई प्रदुषित गर्न नहुनेः**-हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायकिन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुँदैन ।

**२२. बाधा अड्कन फुकाउ एवं व्याख्या** - यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले गर्नेछ ।

**२३. परिमार्जन तथा संशोधनः** यस कार्यविधिलाई आवश्यकता अनुसार हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ ।

**अनुसूची १**

कार्यविधिको नियम ८ को उपनियम १ सँग सम्बन्धित

# उपभोक्ता संस्थाको लागि दिईने दरखास्त

स्थानीय जलस्रोत समिति
हेटौंडा उपमहानगरपालिका
हेटौंडा मकवानपुर
बागमती प्रदेश, नेपाल

बिषयः- **संस्था दर्ता गरी पाउँ ।**

उपरोक्त सम्बन्धमा जि.म. हे.उ.म.न.पा. वडा नं. का हामी स्थानीय व्यक्तिद्वारा यसै स्थानमा रहेको मुहान/इनार/कुवा/.........................................................संरक्षण तथा व्यवस्थित गर्न श्री ........................................................................... उपभोक्ता समिति गठन गरी पाउ भनि उपभोक्ता संस्थाको विधान संलग्न राखी निवेदन गर्दछौं।

१ भेलाको निर्णयः-
२ सम्बन्धित वडा कार्यालयको सिफारिसः-
३ उपभोक्ता संस्थाको उद्देश्यः-
४ उपभोग गर्ने पानीको परिमाणः-
५ परियोजना सम्पन्न गर्दा लाग्नजाने समय र अनुमानित खर्चः-
६ विषयगत कार्यलयको सिफारिस

निवेदकहरु-

हेटौंडा राजपत्र

**अनुसूची २**

कार्यविधिको नियम ८ को उपनियम १ सँग सम्बन्धित

# खानेपानीको मुहान दर्ता सम्बन्धी सूचनाको नमूना

# सूचना । सूचना ।। सूचना ।।।

हेटौंडा उपमहानगरपालिका वडा नं. ........स्थित ........मा .............खानेपानीको मूहान दर्ता गरि पाउँ भनि.............खानेपानी उपभोक्ता समितिका अध्यक्ष/उपाध्यक्ष/सचिव/कोषाध्यक्ष/सदस्य ले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित खानेपानीको मुहान दर्ता गर्ने सम्वन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्वन्धमा कुनै वाधा, व्यवधान र विरोध भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरि प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर गर्न यो सूचना प्रकाशित गरिएको छ।

हेटौंडा उपमहानगरपालिकानगरकार्यपालिका

हेटौंडा मकवानपुर

हेटौंडा राजपत्र

**अनुसूची ३**

कार्यविधिको नियम ८ को उपनियम २ सँग सम्बन्धित

# जल उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा मकवानपुर
बागमती प्रदेश, नेपाल

**दर्ता नः-** **दर्ता मितिः-**

श्री ..............................................................उपभोक्ता समिति हेटौंडा उपमहानगरपालिका वडा नं....... हेटौंडा । (सम्वन्धित उपभोक्ता संस्थाको नाम) उपभोक्ता समूह हेटौंडा उपमहानगरपालिका जलस्रोत उपयोग कार्यविधि, २०७७ नियम ८ को उपनियम २ बमोजिम .................साल............महिना...................गते हेटौंडा उपमहानगरपालिकाले दर्ता गरी यो **प्रमाण –पत्र** प्रदान गरिएको छ ।

...........................................
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ४**

कार्यविधिको नियम ८ को उपनियम ५ सँग सम्बन्धित

# आवश्यक कागजात

**अनुमति पत्रको लागि आवश्यक कागजात**

१। निवेदन

२। प्रमाणित विधान २ प्रति

३। तदर्थ समितिका पदाधिकारीको नागरिकता

४। विषयगत कार्यलयको सिफारिस

५। पानीको वहाव र सेवा क्षेत्र

६। सूचना टाँसको वडा मुचुल्का

७। सम्वन्धित वडा कार्यालयको सिफारिस

हेटौंडा राजपत्र

**अनुसूची ५**

कार्यविधिको नियम १० को उपनियम २ सँग सम्बन्धित

## उपभोक्ता संस्था दर्ता र नविकरण दस्तुर

क. उपभोक्ता संस्था दर्ता गर्नः- रु ५००/-

ख. उपभोक्ता संस्था नविकरण वार्षिकः- रु ५००/-

ग. उपभोक्ता संस्था नविकरण वार्षिक थप दस्तुरः- रु ५००

घ. एक वर्ष भन्दा बढि अवधी सम्म पनि नविकरण नगराएको खण्डमा थप दस्तुर प्रत्येक वर्षः- रु ५००/-

ङ. उपभोक्ता संस्था प्रमाण पत्र प्रतिलिपी दस्तुरः- रु २००

प्रमाणिकरण मितिः २०७७ साल ०१ महिना ३० गते

**प्रमुख प्रशासकीय अधिकृत**
**कविराज पौडेल**
**हेटौंडा उपमहानगरपालिका**

हेटौंडा राजपत्र